५६०

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, मंसीर २० गते २०३६ साल (अतिरिक्ताङ्क ३६ (ख)

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

राष्ट्रऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्रऋण नियमहरू, २०२० को नियम ४ को उप-नियम (१) बमोजिम राष्ट्रऋण उठाउन ऋणपत्र निष्काशित गर्न यो सूचना प्रकाशित गरेको छ ।

सो ऋणपत्रको जम्मा मूल्य, भुक्तानी अवधि, ब्याजको दर, ब्याज भुक्तानी समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ ।

१. ऋणको नाम : यस ऋणको नाम "विकास ऋण २०५०" रहेको छ ।

२. ऋणको उद्देश्य : विभिन्न विकास योजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नको लागि यो ऋण उठाइएको छ ।

३. निष्काशित ऋणको रकम : यो ऋणको जम्मा रकम रू. २५,००,००,०००। (रू. पच्चीस करोड) मात्रको हुनेछ ।

४. ऋणको व्ययभार : यो ऋणको व्ययभार श्री ५ को सरकारको सञ्चित कोष प्रति हुनेछ ।

४६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. ऋणको प्रकार: यो ऋणको ऋणपत्र कम्तिमा रू. २५।– वा २५।– को गुणनफल (Multiple) ले भाग गर्दा नि:शेष हुने अंकको स्टक वा २५।–, ५०।–, १००।–, १,०००।–, १०,०००।– वा १,००,०००।– दरको प्रमिशरी नोटको रूपमा लिन पाइनेछ ।

६. ऋणपत्रको बिक्री अवधि : यो ऋणपत्रहरूको बिक्री अवधि २०३९ साल मार्ग २० गतेदेखि पौष ४ गतेसम्मको हुनेछ तर आवश्यक देखिएमा सो समय अगावै पनि बिक्री बन्द गर्न सकिनेछ ।

७. ऋणपत्रको बिक्री मूल्य : ऋणपत्रमा उल्लेख गरे बमोजिम पूरापुर मूल्यमा ऋणपत्रहरू बिक्री हुनेछ ।

८. ऋणपत्र खरीद गर्न दरखास्त दिनु पर्नेः

(१) ऋणपत्र खरीद गर्नको लागि नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचामा राष्ट्र बैंक वा त्यसको एजेन्ट सरह भै काम गर्ने अन्य कार्यालयमा दरखास्त दिन सकिनेछ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त दिंदा जतिको ऋणपत्र खरीद गर्न चाहेको छ त्यसको पूरा रकम सो कार्यालयमा बुझाई त्यसको रसीद दरखास्त साथै पेश गर्नु पर्नेछ ।

(३) दरखास्त फाराम नि:शुल्क पाइनेछ ।

९. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकारः चाहिएको भन्दा बढी ऋण प्राप्त भएमा त्यसलाई स्वीकार गर्ने नगर्ने अधिकार श्री ५ को सरकारको हुनेछ ।

१०. बाँडफाँड गर्ने अधिकारः प्राप्त ऋणपत्रहरूको बाँडफाँड गर्ने अधिकार राष्ट्र बैङ्कलाई प्रदान गरिएको छ ।

११. स्वीकृत नभएको ऋण फिर्ता हुनेः स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैङ्कबाट यथाशीघ्र दरखास्तवालालाई फिर्ता दिइनेछ । यसरी फिर्ता भएको रकममा ब्याज दिइनेछैन ।

१२. स्वीकृत ऋणको प्रमाणपत्र दिनेः स्वीकृत भएको ऋणको प्रमाणपत्र स्टक सर्टिफिकेट वा प्रमिशरी नोटको रूपमा दरखास्तवालाको माग अनुसार दिइनेछ । दरखास्तवालाले यो कुरा उल्लेख नगरेमा ऋणपत्र स्टककै रूपमा दिइनेछ ।

१३. ऋणको ब्याजः ऋणको ब्याज राष्ट्र बैंक वा सो बैंकको एजेन्ट सरह भै काम गर्ने अन्य कार्यालयले रकम बुझेर लिएको मितिदेखि नै वार्षिक सयकडा १०$\frac{1}{2}$ का दरले दिइनेछ । ४५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।